नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय काठमाडौं

बबरमहल, काठमाण्डौ

मितिः- २०८३/०७/१९

नेपाल सम्वत्:- ११४६ कौलागा एकादशी, बिहीबार

देउसी-भैलो कार्यक्रम मर्यादित, व्यवस्थित एवं सुरक्षित रूपमा सञ्चालन गर्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय काठमाडौंको अत्यन्त जरुरी सूचना।

नेपालीहरूको महत्वपूर्ण सांस्कृतिक एवं धार्मिक पर्व शुभ दीपावलीको अवसरमा परम्परागत रूपमा खेलिने देउसी-भैलो कार्यक्रमले नेपाली मौलिक संस्कृति, परम्परा, सामाजिक सद्भाव र आपसी भाइचारालाई अभिवृद्धि गर्दै आएको छ। यस पर्वको सांस्कृतिक महत्वलाई कायम राख्दै शान्ति सुरक्षा, सार्वजनिक सुव्यवस्था, सामाजिक सद्भाव तथा नागरिकको सहज आवागमन सुनिश्चित गर्न देउसीभैलो कार्यक्रम सञ्चालन गर्दा देहायका विषयहरू पालना गर्न/गराउन काठमाडौं जिल्लाभित्र वसोबास गर्नुहुने सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

- देउसी-भैलो कार्यक्रमलाई नेपाली मौलिक संस्कृति, परम्परा र सामाजिक सद्भावको संरक्षण हुने गरी मर्यादित, अनुशासित एवं व्यवस्थित रूपमा सञ्चालन गर्ने।
- देउसी-भैलो कार्यक्रममा सहभागी हुने व्यक्तिहरूले मादक पदार्थ सेवन गरी कार्यक्रम सञ्चालन गर्ने, होहल्ला गर्ने, झैझगडा गर्ने वा सार्वजनिक शान्ति सुरक्षामा खलल पुऱ्याउने कार्य नगर्ने।
- देउसी-भैलो खेल्दा ध्वनि प्रदूषण हुने गरी अत्यधिक ठूलो आवाजमा माइक, लाउडस्पिकर, बाजा तथा अन्य ध्वनि उपकरण प्रयोग नगर्ने। अस्पताल, स्वास्थ्य संस्था, विद्यालय, वृद्धाश्रम तथा अन्य संवेदनशील क्षेत्रहरूमा विशेष सावधानी अपनाउने र सर्वसाधारणलाई अनावश्यक बाधा नपुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने।
- कुनै घर, निजी आवास, कार्यालय, व्यापारिक प्रतिष्ठान वा अन्य स्थानमा देउसी-भैलो खेल्न जाँदा घरधनी, सञ्चालक वा सम्बन्धित जिम्मेवार व्यक्तिको पूर्वस्वीकृति लिने। अनुमति नदिएको स्थानमा जबरजस्ती देउसी-भैलो खेल्ने वा चन्दा/दक्षिणा माग्ने कार्य नगर्ने/नगराउने।
- पटाका, आतिसबाजी, भुइँचम्पा, रकेट, विस्फोटक पदार्थ तथा आगलागी वा चोटपटकको जोखिम हुने अन्य पदार्थको प्रयोग, ओसारपसार, बिक्री वितरण तथा भण्डारण नगर्ने।
- देउसी-भैलो खेल्ने क्रममा सडक, चोक, गल्ली, फुटपाथ तथा सार्वजनिक स्थानमा सवारी आवागमन एवं पैदलयात्रीलाई बाधा पुग्ने गरी कार्यक्रम सञ्चालन नगर्ने।
- देउसी-भैलोका नाममा सर्वसाधारण, व्यवसायी, घरधनी तथा यात्रुहरूलाई जबरजस्ती रकम माग्ने, दबाब दिने, धम्क्याउने वा अभद्र व्यवहार गर्ने कार्य नगर्ने।
- देउसी-भैलो कार्यक्रममा बालबालिकालाई सहभागी गराउँदा अभिभावक वा जिम्मेवार व्यक्तिको निगरानीमा राख्ने। बालबालिकालाई असुरक्षित स्थानमा लैजाने, जोखिमपूर्ण गतिविधिमा संलग्न गराउने वा उनीहरूको सुरक्षामा लापरवाही गर्ने कार्य नगर्ने।
- देउसी-भैलो कार्यक्रमका क्रममा सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति पुऱ्याउने, फोहोरमैला गर्ने, सार्वजनिक स्थानमा अव्यवस्थित रूपमा भेला हुने वा अन्य व्यक्तिको अधिकार तथा स्वतन्त्रतामा असर पर्ने गतिविधि नगर्ने।
- देउसी-भैलो कार्यक्रम सञ्चालन गर्दा प्रचलित कानुन, तथा ध्वनि प्रदूषण नियन्त्रणसम्बन्धी मापदण्डको पालना गर्ने।

ईश्वर राज पौडेल
प्रमुख जिल्ला अधिकारी

Email: daobabarmahal@gmail.com Website: daokathmandu.moha.gov.np Facebook : IHfNnf klafs[illegible]

नेपाल सरकार
गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय काठमाडौं

बबरमहल, काठमाण्डौ

- जातजाति, धर्म, भाषा, संस्कृति, समुदाय वा अन्य कुनै आधारमा घृणा, द्वेष, अपमान वा सामाजिक सद्भावमा खलल पुग्ने किसिमका गीत, नारा, व्यवहार तथा गतिविधि नगर्ने।
- देउसी-भैलो कार्यक्रम सञ्चालन गर्ने समूह, क्लब, संघसंस्था तथा आयोजकहरूले आवश्यकतानुसार सम्बन्धित स्थानीय तह, नेपाल प्रहरीसँग समन्वय गर्ने। कुनै झैझगडा, आगलागी वा शंकास्पद गतिविधि देखिएमा तत्काल नजिकको प्रहरी कार्यालयमा जानकारी गराउने।

पुनश्चः दिपावली पर्वलाई सभ्य, सुरक्षित, शान्तिपूर्ण एवं उल्लासमय बनाउन सबै नागरिक, देउसी-भैलो समूह, क्लब, संघसंस्था, आयोजक, घरधनी तथा सरोकारवालाहरूबाट आवश्यक सहयोग र समन्वयको अपेक्षा गरिएको छ। यस सूचनामा उल्लिखित व्यवस्था तथा प्रचलित कानुनको उल्लङ्घन गरी सार्वजनिक शान्ति सुरक्षा, सामाजिक सद्भाव, सार्वजनिक सम्पत्ति वा सर्वसाधारणको आवागमनमा बाधा पुऱ्याउने कार्य गरेमा प्रचलित कानुनबमोजिम कारबाही गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै देउसी-भैलो खेल्ने नाममा कोही कसैलाई बाधा पर्न गएको भनी उजुरी वा गुनासो प्राप्त भएको खण्डमा तत्काल प्रहरी प्रशासनबाट कानून बमोजिम कारवाही भै जाने व्यहोरा समेत जानकारी गराइएको छ। यस सम्बन्धी गुनासोको लागि हटालाईन नम्बर १०० मा सम्पर्क गर्न सक्नुहुनेछ।

जिल्ला प्रशासन कार्यालय, काठमाडौंको अपेक्षा "मर्यादित र सु-संस्कृत देउसी-भैलो" रहेको छ। अतः शिष्ट एवं विशिष्ट तवरबाट सांस्कृतिक पर्व मनाउने गरी दिपावली पर्व हर्षोल्लासपूर्वक मनाउनुहुन शुभकामना सहितको अनुरोध गरिएको छ।

.....
(ईश्वर राज पौडेल)
प्रमुख जिल्ला अधिकारी

२०८३।६।१८ गते
(साँझ ६:१० बजे)

Email: daobabarmahal@gmail.com Website: daokathmandu.moha.gov.np Facebook : lHfNnf k|zf;g sfof{no sf7df8f}